# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर नुवाकोट
वागमती प्रदेश, नेपाल

मिति : २०७७/०४/१०

## विज्ञप्ति

विगत केहि दिन देखि परिरहेको अविरल वर्षातले गर्दा मुलुकभर विभिन्न स्थानमा जनधन, सडक लगायत अन्य संरचनाहरुमा ठुलो क्षति भएको हुँदा पिडितहरुको जीवन कष्टकर बन्दै गएको छ। यस नगर क्षेत्र भित्र समेत कयौं स्थानमा नागरिकहरुको – बासस्थान, जग्गा जमिन, मठ - मन्दिर, भौतिक संरचना (स्वास्थ्य कार्यालय, विद्यालय), पर्खाल, सडक,कृषियोग्य जमिन लगायत अन्य निर्मित संरचना भारी वर्षात र बाढी पहिरोको चपेटामा परेको छ; कयौं पशुचौपायाहरु पुरिएका छन् भने नगरपालिका स्थापना भएपछी प्राकृतिक विपत्तिको कारण वडा नं. ८ स्थित श्री अक्कल वहादुर तामाङ्को ज्यान समेत गई मानविय क्षति सम्म हुन पुगेको छ। मृतक आत्माको चिर शान्तिको कामना सहित शोक संतप्द परिवारमा हार्दिक समवेदना प्रकट गर्दै यस प्राकृतिक विपदको घटना प्रति बेलकोटगढी नगरपालिका परिवार गहिरो दुख व्यक्त गर्दछ।

मुलुक विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड – १९ को संक्रमणको सामना गरिरहन परेको यस विषम परिस्थितिमा प्राकृतिक विपद बाढी - पहिरोको चपेटामा परेको छ। यस संवेदनशिल घडीमा प्रभावित नागरिकहरुको जीवन रक्षा, उद्धार र राहतको कार्यलाई प्रभावकारी बनाउन बेलकोटगढी नगरपालिका पूर्ण रुपमा प्रतिवद्ध भई खोज, उद्धार, सामाजिक सचेतना लगायत राहत तथा क्षतिपूर्ति कार्यक्रमका साथ तयारी अवस्थामा रहेको व्यहोरा अवगत गराउंदै सोको लागि नगरपालिका तथा वडागत तहमा नगर प्रमुख बाट आवश्यक निर्देशन समेत दिइसकिएको हुँदा सोही बमोजिम जोखिममा परेका, पिडित वर्गलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने गराउने कार्य भईरहेको छ र मृतकको परिवारको लागि आवश्यक राहतको व्यवस्था गरिदै छ। बाढी, पहिरो, डुवान तथा कटानका कारण क्षत विक्षत भएका भौतिक संरचना (स्वास्थ्य कार्यालय, विद्यालय), पर्खाल, सडक कृषियोग्य जमिन लगायत अन्य निर्मित संरचना तत्काल रोकथाम गरी हाललाई वैकल्पिक रुपमा सुचारु गर्न हामी कटिवद्ध छौं। साथै यस नगरपालिका परिवार आ-आफ्नो क्षेत्रबाट साथ सहयोगमा खटिनुहुने सरोकारवाहरुमा हार्दिक आभार प्रकट गर्दछ। यस जोखिमपूर्ण परिस्थितिमा सबैमा उच्च सतर्कता, सजगता र सावधानीका साथ रहन अपिल गर्दै उच्च नैतिक तथा मानवीय भावनाबाट ओतप्रोत भई पिडितहरुलाई दृढताका साथ सहयोग गर्न जनप्रतिनिधि, राजनीतिक दल, समाजसेवी, वुद्धिजिवी, पत्रकार, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षा निकायहरु लगायत सम्पूर्णमा आग्रह गर्दछु।

(राजेन्द्र रमण खनाल)
नगर प्रमुख
एवं बेलकोटगढी नगरपालिका परिवार